नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड:** २ **संख्याः** ३६ **मितिः** २०८०।०६।१९

भाग – २

“घ” वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धि कार्यविधि (पहिलो संशोधन), २०८०

कार्यपालिकाबाट पारित मिति: २०७५।०१।२१
प्रमाणीकरण मिति :२०७५।०१।२१
पहिलो संशोधन मिति: २०८०।०४।२४
स्थानीय राजपत्रमा प्रकाशन मिति: २०८०।०६।१९

प्रस्तावना: स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता,विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजि क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी नौगाड गाउपालिकाले यो कार्यविधि जारी गरेको छ।

प्रमुख प्रशासकीय अधिकृत

**(१) इजाजत पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**(२) नयाँ इजाजत पत्र सम्बन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजत पत्रको लागि यस नौगाड गाउँपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यताभए/नभएको सम्बन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ ।

(४)उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्ने छ ।

**(३ ) इजाजत पत्रको अवधि र नवीकरण** :

(१)दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्तिम सम्म मात्र मान्य रहने छ ।

(२) उपदफा (१) बमोजिम इजाजत पत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीयतहलाई तिर्नु पर्ने कर तिरी सकेको प्रमाण स्वरुप संघीय/सुदूरश्चिम प्रदेश कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित यस नौगाड गाउँपालिका आन्तरिक राजश्वमा अनुसूची-२ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ बमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका बाध्य हुने छैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिना भित्र सबै प्रकृया पुरा गरी इजाजत पत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नवीकरण गरी दिनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

**४ ईजाजतपत्र दर्ता,नविकरण, नामसारी, इजाजतपत्रको नाम परिवर्तन र ठाउँसारी शुल्क पुनरावलोकन सम्बन्धि व्यवस्थाः**

ईजाजत पत्र दर्ता तथा नविकरण नाम परिर्वतन र ठाउँसारी शुल्क, दस्तुर राजश्व परार्मश समिति, गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**५) इजाजतपत्र खारेजी :**

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजत पत्र खारेज गर्न सक्नेछ :

(क) झुट्ठा विवरण पेश गरी इजाजत पत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख)सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठा विवरण पेश गरको सम्वन्धित निकायबाट लेखि आएमा,

(ग)सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजत पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिको मौका दिइने छ।

(३)दफा ३ को उपदफा (३) बमोजिमको म्याद भित्र नवीकरण नभएको इजाजतपत्र स्वतःखारेज हुनेछ ।

(४)उपदफा(१) वा(३) बमोजिम इजाजत पत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**६) इजाजत पत्रको नामसारी व्यवस्था :** ★

कुनै निर्माण व्यवसायीले इजाजत पत्रको नामसारी गर्न चाहेमा वडा कार्यालयको सिफारिस र प्रो्पाईटरको निवेदन पेश गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजत पत्रमा नाम परिर्वतन गर्न सकिनेछ ।

**७) इजाजत पत्रको नाम परिवर्तनको व्यवस्था :** ★

कुनै निर्माण व्यवसायीले इजाजत पत्रको नाम परिर्वतन गर्न चाहेमा वडा कार्यालयको सिफारिस र प्रो्पाईटरको निवेदन पेश गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजत पत्रमा नाम परिर्वतन गर्न सकिनेछ ।

**८) इजाजत पत्र ठाउँसारीको व्यवस्था :** ★

कुनै निर्माण व्यवसायीले इजाजत पत्रको ठाउँसारी गर्न चाहेमा इजाजतपत्र दर्ता भएको स्थानीय तहको सिफारिस करचुक्ता ठाउँ सारेको वडा कार्यालयको सिफारिस र अनुसूचि ४ भरी प्रो्पाईटले निवेदन पेश गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्र ठाउँसारी गर्न सकिनेछ ।

**९) इजाजत पत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजत पत्रको नाम परिर्वतन गर्न चाहेमा वडा कार्यालयको सिफारिस र प्रो्पाईटरको निवेदन पेश गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजत पत्रमा नाम परिर्वतन गर्न सकिनेछ ।

कुनै निर्माण व्यवसायीले इजाजत पत्र हराए वा नासिएको कारणबाट इजाजत पत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजत पत्रको प्रतिलिपी दिनु पर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**१०) प्रचलित कानून बमोजिम हुने :**
यस कार्य विधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**११) बचाउः**
यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्य विधि बमोजिम दिइएको मानिने छ ।

**१२) संशोधनः** घ वर्ग ईजाजत पत्र कार्यविधि संशोधन २०८० हुने, संशोधन गरिएका दफा उपदफा र अनुसूचिमा संकेत★ हुनेछ ।

नौगाडगाउँपालिका



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूचि - १

कार्यविधिको दफा २ को उपदफा (१) संग सम्बन्धित
ईजाजत पत्रको लागि दिईने दरखास्त

**विषयः ईजाजत पत्र पाउँ भन्ने बारे ।**

श्री नौगाड गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड,दार्चुला

निवेदन यस प्रकार छ,की यस कार्यालयको कार्याविधि २०७५, पहिलो संशोधन २०८० बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजत पत्र पाउन निम्न विवरण भरी यो दस्खास्त पेश गरिएको छ ।

**१.दरखास्त पेश गर्ने फर्म वा कम्पनीकोः-**

नामः -
ठेगानाः-
सम्पर्क नः-
ईमेलः-
पोष्ट बक्सः-
टेलिफोन नः-

**२.फर्म वा कम्पनीको प्रकृति**

| | | | |
|---|---|---|---|
| | प्राईभेट लिमिटेड कम्पनी | | पब्लिक लिमिटेड कम्पनी |
| | एकलौटे | | साझेदारी |

(कोठमा रेजा लगाउनु पर्ने)

**३.सम्पर्कको लागि फर्म वा आधिकारीक व्यक्तिकोः-**

नामः -
ठेगानाः-
सम्पर्क नः-
ईमेलः-

पोष्ट बक्सः-
फ्याक्स नः-
ईमेलः-



प्रमुख प्रशासकीय अधिकृत

नौगाडँगाउँपालिका

**४. फर्म वा कम्पनीको विवरणः-**

दर्ता नः-

अधिक्तम पूँजीः-

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः-

**५. ईजाजत पत्र लिन चाहेको समूह** "घ" वर्ग

**६. सामुहीकरण हुन चाहेको समूहः-**

**७.आर्थिक श्रोतको विवरणः-**

| विवरण | रकम | वित्तिय संस्था बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८. कामदारको विवरणः-**

क) प्राविधिकः-

ख) अप्राविधिकः-

ग) अन्य

प्राविधिक कर्मचारीको Certificate को प्रमाण पत्र प्रतिलिपी तथा निजको मञ्जुरीनामा पेह गर्नु पर्ने छ ।

**९.आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धि सवारी साधन मेशिन औजारको विवरणः-**

| सि.न. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

द्रषटव्यः यस विवरणमा उल्लेखित सवारी साधन तजा मेसिन औजारहरुको स्वामित्वको कागजात ( दर्ता प्रमाण पत्र ) र उक्त मेशिन औजारहरु चालु हालतमा रहेको छ भनी मेकालिकल ईन्जिनियरद्धारा प्रमाणित भएको हुनुपर्ने छ ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## १०. यस अघि सम्पन्न गरेको कामको विवरणः -

| सि.न. | निर्माण सम्बन्धि कामको विवरण | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयहरुको नाम | कामको अवस्था ( प्रगति प्रतिशत ) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## ११. करचुक्ता गरेको प्रमाण कागजात

क.

ख.

ग.

घ.

ङ.

यस दरखास्त फाराममा उल्लेखित सम्पुर्ण व्यहोरा ठिक साचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला,

निर्माण व्यवसायीको छाप

दरखास्तवालाकोः-

दरखास्तः-

मितिः-

द्रष्टव्यः यस दरखास्त फाराम साथ फाराममा उल्लेख भइको व्यहोरा पुष्ट गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका

# अनुसूचि - २

**ईजाजत पत्र नविकरण गराउदा पत्र नविकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिर्नु पर्नेछ।**

| क.स. | निर्माण व्यवसायीको वर्ग | ईजाजत पत्र दर्ता दस्तुर | ईजाजत पत्र नविकरण | ईजाजत पत्र नविकरण थप दस्तुर | ईजाजत पत्र प्रतिलिपी दस्तुर | नम परिवर्तन | ईजाजत पत्र नामसारी | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | घ वर्ग | २०,०००।- | ६,०००।- | प्रति महिना १०% | ५००।- | ५००।- | १,०००।- | |

द्रष्टव्य: घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धित कार्यविधि २०७५, पहिलो संशोधन २०८० बमोजिमका दफा ३ को उपदफा (२) बमोजिम म्याद भित्र ईजाजत पत्र नविकरण गराईने छ। ईजाजत पत्र नविकरण दस्तुर माथि उल्लेखित महलमा भएको दस्तुर मात्र तिर्नु पर्नेछ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूचि - ३

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) संग सम्बन्धित

# ईजाजत -पत्र

**आ.व.** मितिः-..........................

**ईजाजत -पत्र नं....................**

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड,दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

"घ" वर्गको निर्माण व्यवसायी ईजाजात -पत्र सम्बन्धि कार्यविधि २०७५, पहिलो संशोधन २०८...... को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न नौगाड गाउँपालिका वडा नं.........स्थित कार्यालय भएको ................................ फर्म वा कम्पनीलाई यो ईजाजत प्रमाण पत्र प्रदान गरिएको छ ।

घ

यस वृतभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्नु ।

ईजाजत दिनेकोः-
दस्तखतः-
नामः
पदः
मितिः
कार्यालयः

९

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# अनुसूचि - ४

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पास बुक)

| सि. नं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर प्रतिशत | ठक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयवधि थप विवरण आदि भएमा | Variation विवरण ( यदि भएकमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) टेक्का रकम | क) नामः | क) थप समय | क) Variation पछिको Contractamo | क) सम्प्र रकम | क) अन्तिम टेक्का रकमः | |
| | | | | | ............. | ............. | ..................... | ................... | | | |
| | | | | | ख) सम्झौता मितिः | ख) पदः | ख) नामः | ख) Variation को निर्णय गर्ने पदाधिकारीको नाम | ख) सम्पन्न रकम | ख) सम्पन्न मिति | |
| | | | | | ................ | ................... | ..................... | ..................... | ................. | ................. | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षरः | ग) पदः | ग) पदः | | | |
| | | | | | ................... | ................... | ........................ | ....................... | | | |
| | | | | | | घ) छाप | घ) हस्ताक्षरः | घ) हस्ताक्षरः | घ) नाम | घ) नाम | |

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ………………… | ……………… .. | …………… … | ………… … | ………… .. | |
| | | | | | | | ङ) निर्माण मिति | छापः | पदः | पदः | |
| | | | | | | | ……………… …. | …………… ….. | ………… … | ………… …. | |
| | | | | | | | छापः | | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | ……………… … | …………… …. | ………… …… | ………… ……. | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | ………… …. | ………… ….. | |

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका

# अनुसूचि - ५
## "घ"वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

**१. आर्थिक क्षमता :** प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा तीस लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

**२. मुख्य जनशक्ति विवरण :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाण पत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाण पत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्ने छ ।

**३. मेशिन र उपकरण** :

(क) टिप्पर/टयाक्टर (एक/एक थान) भाडामा भए १० बर्षको सम्झौता हुनु पर्नेछ । ★
(ख) मिक्सर (एक थान)
(ग) Theodolite/Level Machine(एक सेट)
(घ) वाटर पम्प (तीन थान)
(ङ) भाइब्रेटर (तीन थान)

***द्रष्टव्य :***

१. उपकरणको नामावली पेसा गर्दा उपकरणको स्वामित्वको प्रमाण पत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लेखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्ष सम्म बेचबिखन गर्न पाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

**आज्ञाले,**
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत



प्रमुख प्रशासकीय अधिकृत